www.prepp.in

Prepp
Your Personal Exams Guide

**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।
This booklet contains **20** pages.

# TAJ 19-II

**प्रश्न-पत्र II / PAPER II**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**
**Test Booklet Code**

**W**

**परीक्षा पुस्तिका संख्या**
**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I एवं भाग II या III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **W** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **W**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ______________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) ______________________
Roll Number : in figures
: (शब्दों में) ______________________
: in words

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ______________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ______________ निरीक्षक के हस्ताक्षर : ______________
Candidate's Signature : Invigilator's Signature :

Facsimile signature stamp of
Centre Superintendent ______________________

**W**

www.prepp.in



**Lang. Code : 13**

# TAJ 19-II

**परीक्षा पुस्तिका संङ्केत**

**W**

यस पुस्तिकामा 20 पृष्ठ छन् ।

**प्रश्नपत्र II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I व भाग II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत** W हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा 60 वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा - I (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा - II (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ______________________

अनुक्रमाङ्क : अङ्कमा ______________________

: शब्दमा ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of
Centre Superintendent ______________________

www.prepp.in



Prepp
Your Personal Exams Guide

परीक्षार्थीहरूले **भाषा**-I का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

www.prepp.in



## भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

उखान–तुक्का भाषाका ओज र ज्यान हुन् । व्यवहारमा अनुभवका चुट्किला र गहलिका उदाहरणहरू उपदेश तथा शिक्षाका रूपमा सूत्रबद्ध भएर प्रचलित हुन्छन् । भाषामा तिनको अग्घोर चमत्कार हुन्छ । यसरी प्रचलित भएका उक्ति वा वाक्यलाई 'उखान' भनिन्छ । उखान शब्द संस्कृतको 'उपाख्यान' बाट आएको हो । उपाख्यानमा आख्यानभित्रका ससाना कथा हुन्छन्, तर उखानमा सूत्रबद्ध रूपमा पोखिने खिरिलो उद्‌गार हुन्छ । निचोरमा के देखिन्छ भने उखान लोकजीवनका अनुभूतिको खँदिलो प्रकाशन हो । उखानमा लाक्षणिक प्रयोग हुन्छ र यसले कथनको पुष्टि गर्छ वा सत्यको तथ्य लिएको हुन्छ । कुनै विशेष स्थितिमा सम्बद्ध कुरा भन्दा कविसूक्ति पनि लोकोक्तिका रूपमा प्रचलित हुन्छन् । भाषा र साहित्यका दृष्टिमा उखानको धेरै महत्त्व छ । कतिपय वाक्यलाई घुमाएर र लम्ब्याएर भन्नु पर्ने हुन्छ । यति गर्दा पनि तिनमा चिटिक्कको बान्की आउन सक्तैन । उखानले सो कुराको पूर्ति गर्छ र भाषालाई मिठो र प्रभावशाली बनाउँछ । नेपाली उखानमा कुनै साधारण हुन्छन् त कुनै तुकबन्दी भएका । यी दुवैलाई गाभेर वा साधारण बोलचालमा उखान र तुक्कालाई मिलाएर पनि उखानतुक्का भनिएको देखिन्छ । अझ तुकको अर्थ लिएर 'तुक्का' भन्नु नै प्रासङ्गिक हुनेछ, किनभने तुक मिलेको वा तुक्कासहितको उखानलाई 'उखान–तुक्का' भन्न नसकिने स्थिति केही छैन । तुक्का (अन्त्यस्वर र त्यसअधिको स्वर) उस्तै मिली प्रसङ्गसँग मिल्ने ठिक्क उस्तै शब्द र अर्थ मिलेको उखानलाई 'तुक्का' भनिएको पनि पाइन्छ ।

**91.** उपाख्यान भनेको के हो ?

(1) संस्कृतको लोकोक्ति

(2) ससाना कथा

(3) आख्यानको तत्त्व

(4) आधुनिक छोटा कथा

**92.** तलको कुन कथन सही हो ?

(1) उखानले जीवनको व्याख्या प्रस्तुत गर्छ

(2) लाक्षणिक भनाइका लागि उखान मात्र सुहाउँदो एउटा माध्यम हो

(3) उखानको प्रयोजन ग्रामीण क्षेत्रका मानिसलाई हुन्छ

(4) व्याख्यात्मक तथा घुमाउरो कथनलाई उखानले सुहाउँदो संक्षिप्तता प्रदान गर्छ

**93.** 'खिरिलो' कुन वर्गको शब्द हो ?

(1) संज्ञा

(2) नामयोगी

(3) विशेषण

(4) क्रिया–विशेषण

www.prepp.in



94. 'उखानमा लाक्षणिक प्रयोग हुन्छ' – यस भनाइले के बुझाउँछ ?

(1) उखानमा प्रयोगको लक्षण पाइन्छ

(2) उखानमा भनिएको कुराभन्दा अरू धेरै कुरा प्रकट हुन्छ

(3) उखानमा भनिएको कुरा बुझ्न कठिन हुन्छ

(4) उखानले सधैँ सोझो अर्थ प्रकट गर्छ

95. अनुच्छेदमा उल्लेख भए अनुसार उखान कति किसिमका हुन्छन् ?

(1) दुई

(2) तीन

(3) चार

(4) पाँच

96. तलका मध्ये कुनचाहिँ तुक्का हो ?

(1) अकबरी सुनलाई कसी लाउनु पर्दैन

(2) आकाशको फल आँखा तरी मर्

(3) उम्केको माछो ठुलो

(4) जाँगर न साँगर खाने बेलमा आँ गर्

97. 'अग्घोर' शब्द तलको कुन अर्थमा प्रयुक्त छ ?

(1) जादु

(2) अपूर्व

(3) धेरै

(4) उज्यालो

98. 'उखान' शब्द संस्कृतको 'उपाख्यान' बाट आएको हो भने 'उखान' कस्तो शब्द हो ?

(1) आगन्तुक

(2) तत्सम

(3) तद्भव

(4) झर्रो

99. अनुच्छेदको सुरुको दोस्रो वाक्यको सार बुझ्नका निम्ति तलका मध्ये कुन वाक्य अधिक उपयुक्त हुन्छ ?

(1) उखानहरू दृष्टान्तमूलक हुन्छन्

(2) उखानहरू चुट्किला हुन्

(3) उखानहरू पाका मानिसले प्रयोग गर्ने सूक्ति हुन्

(4) उखानहरू जीवन बुझ्ने सूत्र हुन्

www.prepp.in



निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।

बन्दुकको नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ
खुकुरीको धारमा पाइताला टेकेर जिउनु पर्छ यहाँ
आँखा चिम्लनु पनि जगजगी आँखा उघार्नु पनि जगजगी
यो जिन्दगी खै के जिन्दगी ।
पसलमा सोकेसभित्र सजाएर राखेको
काँचको चुरा जस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दा चढ्दै
प्याट्ट फुट्न सक्छ यो जिन्दगी !
रबरको सस्तो चप्पल जस्तै यो जिंन्दगी !
बाटामा हिँड्दा हिँड्दै
च्याट्ट टुट्न सक्छ यो जिन्दगी !
यो जिन्दगी खै के जिन्दगी !

**100.** **'प्याट्ट फुट्ने चुरा जस्तो जिन्दगी' – ले जीवनको कस्तो अवस्था सङ्केत गरेको छ ?**

(1) स्थायीत्व तथा आनन्द

(2) आस्था र उमङ्ग

(3) रहस्यात्मकता र आध्यात्मिकता

(4) क्षणभङ्गुरता र आकस्मिकता

**101.** **यस कवितामा कतिवटा समापिका क्रियाको प्रयोग भएको छ ?**

(1) चारवटा

(2) पाँचवटा

(3) छवटा

(4) सातवटा

**102.** **'काँचको चुरा जस्तो यो जिन्दगी, रबरको सस्तो चप्पल जस्तो जिन्दगी' – यी पङ्क्तिमा कुन अलङ्कार परेको छ ?**

(1) दीपक

(2) उपमा

(3) भ्रान्तिमान

(4) उत्प्रेक्षा

**103.** **'पसल' को पर्यायवाची शब्द कुन हो ?**

(1) बजार

(2) सहर

(3) दोकान

(4) महल

www.prepp.in



**104.** 'प्याट्ट' र 'च्याट्ट' – यी शब्दहरूमा पाइने समानता के हो ?

(1) दुवै संज्ञा शब्द हुन्

(2) दुवै विशेषण शब्द हुन्

(3) दुवै नामयोगी शब्द हुन्

(4) दुवै क्रियायोगी शब्द हुन्

**105.** उद्धृत कविताको सुरुका चार पङ्क्तिमा कस्तो भाव प्रकट भएको छ ?

(1) जीवन बाँच्नाको सकारात्मकता

(2) जीवनको उत्साह

(3) जीवनसँग जोडिएको भयावह परिवेश

(4) रोगी मानिसको व्यथा

**106.** कविता पढाउँदा निम्नलिखित मध्ये कुन चाहिँ अत्यन्त महत्त्वपूर्ण रहन्छ ?

(1) प्रत्येक कविताको एउटा निश्चित अर्थ हुन्छ

(2) कविताका एकाधिक अर्थ हुन्छन्

(3) कविताले सामाजिक मुद्दामाथि प्रकाश पार्दैन

(4) कविताले कुनै भावनात्मक पक्षलाई उद्घाटित गर्दैन

**107.** रिपोर्ट लेखन सिकाउँदा एकजना शिक्षक विद्यार्थीहरूलाई खबरकागतमा छापिएको रिपोर्टको अंश (newspaper cutting) बाँड्छिन् । उनी विद्यार्थीहरूलाई त्यो रिपोर्ट पढेर त्यसबारे आफ्ना केही टिप्पणी लेखन लगाउँछिन् । कक्षामा शिक्षकले प्रयोग गरेको खबरकागतको अंश (newspaper cutting) हो –

(1) शिक्षण सामग्री

(2) सिक्ने सामग्री

(3) पठन–पाठन सामग्री

(4) शिक्षण पद्धति अनि योजना

**108.** भारतमा कतिवटा भाषा परिवार छन् ?

(1) चारवटा

(2) छवटा

(3) आठवटा

(4) दसवटा

**109.** भाषा शिक्षणको कुन पद्धतिले भाषा कक्षामा मातृभाषाको प्रयोगलाई निषेध गर्छ ?

(1) प्रत्यक्ष पद्धति

(2) श्रव्यभाषिक पद्धति

(3) चिन्तनशील पद्धति

(4) नैसर्गिक पद्धति

www.prepp.in



**110.** भाषा पढाउँदा शिक्षकले विज्ञान अनि समाजशास्त्रबाट उदाहरण दिन्छन् । यस्तो विधिलाई के भनिन्छ ?

(1) विज्ञान अनि भाषा शिक्षण

(2) भाषा बाहिरको पाठ्यक्रम

(3) टी पी आर (TPR) विधि

(4) सी एल टी (CLT) विधि

**111.** भाषा सिकाइमा संज्ञानात्मक परिप्रेक्ष्यले कुन कुरामा महत्त्व दिन्छ ?

(1) गल्ती, भाषा सिकाइ प्रक्रियाका अंश हुन् ।

(2) आदत निर्माण प्रक्रियाले भाषा सिक्न सघाउँछ

(3) शिक्षकले सम्वादहरूलाई कण्ठस्थ गर्न अनि दोहोप्याउन प्रोत्साहित गर्नुपर्छ

(4) भुलहरूको यथाशीघ्र सुधार गर्नुपर्छ नत्र ती नानीको दिमागमा स्थिर भएर बस्छन्

**112.** विद्यार्थीहरूका कमसल प्रदर्शनको कारण थाहा पाउन शिक्षकले कस्तो जाँच तयार गर्नुपर्छ ?

(1) प्रवीणता जाँच

(2) निदानात्मक जाँच

(3) उपलब्धि जाँच

(4) सङ्कलित जाँच

**113.** कक्षा VI की भाषा शिक्षकले भाषाका जाँच पत्रहरू हेरेपछि विद्यार्थीहरूले राम्रो प्रदर्शन नगरेको थाहा पाउँछिन् । तब उनले जाँच पत्र निर्माण गरी अर्को जाँच गराउँछिन् । यसलाई कस्तो जाँच मानिन्छ ?

(1) रचनात्मक जाँच (Formative test)

(2) सङ्कलित जाँच (Summative test)

(3) निदानात्मक जाँच (Diagnostic test)

(4) समुच्चय जाँच (Cumulative test)

**114.** कक्षामा पढाएपछि एकजना भाषा शिक्षक आफ्नो डायरीमा लेख्छिन् – "विद्यार्थीहरूलाई भाषा-खेल अत्यन्त रोचक लाग्यो र उनीहरूले सक्रियताका साथ सहभागिता जनाए तर समूह-3 ले आवश्यक परिणाम प्राप्त गर्न सङ्घर्ष गरे ।" यो उनको कुन कुराको उदाहरण हो ?

(1) मूल्याङ्कन

(2) उपाख्यानात्मक रेकर्ड

(3) चिन्तनशील सोच

(4) अवलोकन

www.prepp.in



Prepp Your Personal Exams Guide

**115.** एकजना प्रभावकारी भाषा शिक्षकले –

(1) विद्यार्थीहरूलाई पाठ्य-पुस्तकका सबै प्रश्नहरूको उत्तर सिक्न लगाउँछन्

(2) पाठ्य-पुस्तक र पाठ्य-पुस्तक बाहिरका कुराहरूको प्रयोग गर्छन्

(3) नितान्तरूपले पाठ्यपुस्तकमा आधारित प्रश्न पत्र तयार गर्छन्

(4) निर्धारित पाठ्यपुस्तक देखि बाहिर जाँदैनन्

**116.** भाषा सिकाइमा निम्नलिखित मध्ये कुन चाहिँ सबैभन्दा महत्त्वपूर्ण हुन्छ ?

(1) पाठ्यपुस्तक

(2) अतिरिक्त पाठ

(3) बाल साहित्य

(4) एक्टिभिटी सिट

**117.** यीमध्ये कुन चाहिँले विद्यार्थीहरूमा सिर्जनात्मकताको पोषण गर्छ ?

(1) परीक्षामा राम्रो अङ्क हासिल गर्न विद्यार्थीहरूलाई तालिम दिनाले

(2) उनीहरूको अनुभवका आधारमा स्वेच्छाले लेख्ने अवसर प्रदान गर्नाले

(3) विद्यार्थीहरूलाई नीति-कथाहरू लेख्न र पढ्न लगाउनाले

(4) सिक्ने अभिरुचि सृजना गर्न लगाएर

**118.** 'माइन्ड म्यापिङ' भन्नाले भाषामा के बुझिन्छ ?

(1) मनको नक्सा कोर्नु

(2) कथा/कवितामा चर्चा गरिएको ठाउँको मानचित्र कोर्नु

(3) एउटा अपूर्व अनुभवबारे कार्ययोजना तयार गर्नु अनि विद्यार्थीहरूलाई त्यो पेस गर्न लगाउनु

(4) विद्यार्थीहरूलाई बुझ्न, नौला विचारहरूको सिर्जना गर्न अनि सम्बन्ध स्थापित गर्न दिनु

**119.** लेखनकलाको विकासका लागि कुन कुरा अत्यन्त महत्त्वपूर्ण रहन्छ ?

(1) राम्रो हस्तलिपिमा लेख्नु

(2) सही हिज्जेको प्रयोग

(3) दिइएका सुझाउहरूको प्रयोग अनि निर्देशको पालना गरेर लेख्नु

(4) लेखनमा आफ्ना भाव, विचार र अनुभवको अभिव्यक्ति गर्नु

**120.** सिकारुले कुनै पाठ आनन्द लिन अनि सामान्य पठन कौशलको विकास गर्नका लागि पढ्छ भने यस्तो पठनलाई के भनिन्छ ?

(1) तीव्र पठन

(2) विस्तृत पठन

(3) पूर्व पठन

(4) उत्तर पठन

www.prepp.in



परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **LANGUAGE - II** only.

Prepp
Your Personal Exams Guide



# भाग – V

## भाषा – II

## नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।**

एउटा भाषामा लेखिएका कुराहरू अर्को भाषामा जाहेर गर्ने कार्यलाई अनुवाद वा उल्था भनिन्छ । यस्तो अनुवाद जस्ताको तस्तै पनि गरिन्छ अनि कहीँ सारको मात्र अनुवाद हुन्छ । यसैले अनुवाद विभिन्न किसिमका हुन्छन् । छायानुवादमा मूल भाषाको तथ्य अर्को भाषामा स्वतन्त्र रूपले प्रकाश हुन्छ । यस मूल भाषाको प्रभाव अनुवादित रूपमा देखिनु हुँदैन, भाव मात्र पुरा हुनु पर्छ । भावानुवादमा मूल भाषाको प्रत्येक विषय नछोडी सार मात्र रूपान्तर गर्नु पर्छ । यस्तो रूपान्तर गरेको भाषा सुहाउँदो सरस हुनु पर्छ । शब्दानुवादमा जस्ताको तस्तै अनुवाद गरिन्छ । यसकारण यस तरिकाको अनुवाद जति नै गरे पनि रसिलो हुँदैन । मूल तथ्यबाट एक ऐँची पर जान पाइँदैन अनि मूल तथ्यको शब्द-शब्द, पङ्क्ति-पङ्क्तिमा अनुवादकले अड्किँदै रूपान्तर गर्नु पर्छ । शब्दानुवादमा कोही समय अर्थ भिन्न र उदेकको अनुवाद पनि हुन्छ । यसैले अनुवाद गर्दा चातुर्य, कल्पना र बुद्धि हुनु पर्छ । नत्र अङ्ग्रेजीको Watertight Compartment को अनुवाद 'स्पष्ट विभाजन' भन्नाको साटो 'पानी नछिर्ने कोठा' पनि लेखिन सक्छ । अनुवादकले उपयुक्त स्थानमा वाक्यांश उखान, आदि पनि मिलाएर अनुवाद गर्न सके राम्रो हुन्छ । यसैले शब्दानुवादभन्दा भावानुवाद असल हुन्छ अनि परीक्षासम्बन्धी अनुवाद पनि यही ढङ्गले गर्नु पर्ने हुन्छ । त्यसैले अनुवाद-कार्य पनि एउटा कला हो । कलात्मकतासित गरिएको असल अनुवाद कहिले काहीँ त मूल भन्दा पनि रुचिकर र पठनीय हुन्छ ।

**121. तलका मध्ये कुन कथन ठिक हो ?**

(1) जुन भाषाबाट अनुवाद गरिन्छ त्यो लक्ष्य भाषा हो

(2) शब्दानुवादभन्दा भावानुवाद राम्रो हुन्छ

(3) भावानुवादलाई वाक्यानुवाद पनि भन्न सकिन्छ

(4) सारको रूपान्तरलाई अनुवाद मान्न सकिँदैन

**122. अनुच्छेमा कति किसिमका अनुवादको कुरा गरिएको छ ?**

(1) दुई

(2) तीन

(3) चार

(4) पाँच

**123. 'Watertight Compartment' को उपयुक्त अनुवाद कुन हुन्छ ?**

(1) पानी नछिर्ने गरी विभाजन

(2) पानी नछिर्ने कोठा

(3) स्पष्ट विभाजन

(4) जल-आवण्टन

**124. शब्द-शब्द, पङ्क्ति-पङ्क्तिमा अङ्किँदै गरिने अनुवाद कुन किसिमको हो ?**

(1) छायानुवाद

(2) सारानुवाद

(3) भावानुवाद

(4) शब्दानुवाद

www.prepp.in



125. परीक्षासम्बन्धी अनुवाद कुन किसिमले गर्नु पर्छ ?

(1) कल्पनाशील भएर

(2) सुहाउँदो परिवेश चयन गरेर

(3) भावानुवादका माध्यमले

(4) स्वतन्त्र रूपले तथ्यको प्रकाशन गरेर

126. 'कलात्मक' शब्द 'कलात्मकता' हुँदा कुन किसिमको परिवर्तन भएको हुन्छ ?

(1) विशेषणबाट संज्ञा

(2) विशेषणबाट विशेषण

(3) संज्ञाबाट संज्ञा

(4) संज्ञाबाट विशेषण

127. 'रूपान्तर' शब्द कसरी बनिएको छ ?

(1) अव्ययीभाव समास भएर

(2) द्विगु समास भएर

(3) व्यञ्जन सन्धि भएर

(4) स्वर सन्धि भएर

128. अनुवादका निम्ति अर्को कुन शब्द उपयुक्त हुन्छ ?

(1) भाषान्तरण

(2) लिप्यन्तरण

(3) वाक्यान्तरण

(4) विषयान्तरण

**निर्देश :** दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नु होस् ।

धनवीर र लालवीर सार्कीको ग्रह नै नमिल्ने । आमा लच्छिनकी बत्ती, आमा मरेपछि भने घर नै शून्य अँध्यारो भयो । खोइ बुढियाले जिउँदो हुँदा पनि के सुख भोगी र ? जेठी बुहारी त आँखामा हाल्दा पनि नबिझाउने तर कान्छी बुहारी भने कण्टकी, साह्रै दुर्मुखा । त्यसले गाँवैलाई शतुर पारिसकेकी थिई, कसैलाई टेर्दिनथिई, सासूसित मुखमुखै लाग्थी, लोग्नेलाई कजाएर राखेकी थिई । जोईटिङ्ग्रे लालवीर पनि दाजु र आमासित भने पाखुरा सुर्किने तर स्वास्नीको छेउमा भने त्यसको शिरै ढल्ने । ज्येठानी देवरानीको त झन् किन मेल होस् ? आखिर दुवैजना स्त्री नै ठहरिए । यस्तो कचिङ्गल लिएर कत्ति दिनसम्म एउटै धुरीमनि बस्ने र ? एक साँझ धनवीर र लालवीर दुवै खेतबाट लखतरान भएर आए । लालवीर कराँसोमा हलो थन्क्याएर भित्र पस्यो । धनवीर किला–किलामा गोरु बाँध्न लाग्यो । धनवीर मनमनै विचार गर्न लागेको थियो – "आज किन भित्रबाट केही आवाज निस्कँदैन, साह्रै शान्ति पो देखियो, कतै फेरि श्रीमतीहरूले कुरुक्षेत्र त रचेनन् ?"

www.prepp.in



129. 'पाखुरा सुर्किनु' जस्तै अनुच्छेदमा पाइने अर्को एउटा लोकोक्ति कुन हो ?

(1) कसैलाई नटेर्नु

(2) मेल नहुनु

(3) आँखामा राख्दा पनि नबिझाउने

(4) विचार गर्नु

130. अनुच्छेदमा उल्लेख गरिएको परिवारमा कतिजना सदस्य छन् ?

(1) चारजना

(2) पाँचजना

(3) छजना

(4) सातजना

131. 'जोईटिङ्ग्रे' भन्नाले के बुझिन्छ ?

(1) झगडालु स्वभाव भएको मानिस

(2) स्वास्नीको कुरा सुन्ने लोग्ने

(3) स्वास्नीलाई साह्रै माया गर्ने लोग्ने

(4) घरका कुरामा हेरविचार नपुऱ्याउने मानिस

132. अनुच्छेदमा आएका पात्रहरूको जीविकाको साधन के थियो ?

(1) मौरीपालन

(2) अर्काको घरमा हलो जोत्ने

(3) खेतीपाती

(4) व्यापार

133. 'शतुर पारिसकेकी थिई' – भन्नाको तात्पर्य के हो ?

(1) आफ्नो हकमा पारेकी थिई

(2) सबैको प्यारो भएकी थिई

(3) छक्क पारिसकेकी थिई

(4) शत्रु बनाइसकेकी थिई

134. 'ग्रह नमिल्नु' पदावलीले कुन कुरा द्योतन गर्छ ?

(1) गरेर खान नसक्नु

(2) मेलमिलाप नहुनु

(3) सुख नहुनु

(4) सम्पत्तिको हिसाब नमिल्नु

135. सासू–आमाका लागि को प्यारो थियो ?

(1) जेठी बुहारी

(2) कान्छी बुहारी

(3) कान्छा छोरा र कान्छी बुहारी

(4) दुवैजना बुहारीहरू

136. प्रक्रिया लेखनमा यीमध्ये कुन कुराको अनुसरण गर्नु पर्छ ?

(1) शब्द सीमा

(2) आलङ्कारिक भाषाको प्रयोग

(3) सम्बन्धवाचक सर्वनामको प्रयोग

(4) विचारहरूको व्यवस्थापन

www.prepp.in



**137.** लेखन ________ हो अनि ________ होइन

(1) प्रक्रिया; उपज

(2) उपज; प्रक्रिया

(3) प्रक्रिया; हस्तलेखन अभ्यास

(4) हस्तलेखन अभ्यास; प्रक्रिया

**138.** विद्यार्थीहरूका लेखन कौशलको मूल्याङ्कन गर्दा एकजना शिक्षकले महत्त्वपूर्ण रूपले कुन कुरामा केन्द्रित रहनु पर्छ ?

(1) आलङ्कारिक भाषाको प्रयोग

(2) शुद्ध हिज्जे

(3) व्याकरणिक रूपले शुद्ध संरचना

(4) विचारहरूको प्रस्तुति

**139.** पूर्व पठन कार्य के-का लागि हो ?

(1) कठिन शब्दहरूको अर्थ प्रदान गर्नु

(2) पाठमा प्रयुक्त व्याकरणिक एकाइ/नियमहरूको व्याख्या गर्नु

(3) विद्यार्थीहरूको पठन बोधको मूल्याङ्कन गर्नु

(4) पाठबारे विद्यार्थीहरूको पूर्व ज्ञानलाई सक्रिय गराएर उनीहरूलाई तैयार बनाउनु

**140.** अहिले भारतीय संविधानको आठौँ अनुसूचीमा मान्यता प्राप्त कतिवटा भाषा छन् ?

(1) 16

(2) 20

(3) 22

(4) 24

**141.** शिक्षकले आफ्नो कक्षामा विद्यार्थीहरूलाई भिन्न-भिन्न स्थितिको भूमिका खेल (Role play) गर्न लगाएर विशुद्ध सम्प्रेषण प्रस्तुत गर्छिन् । त्यसपछि उनी विद्यार्थीहरूलाई भूमिका खेलबाट केही सान्दर्भिक नियमहरूबारे प्रकाश पार्ने प्रयास गर्छिन् र ती नियमको प्रयोगद्वारा अभ्यास गराउँछिन् । उनी के पढाउँदैछिन् ?

(1) निर्देशात्मक व्याकरण पढाउँदैछिन्

(2) अलग्गै राखेर व्याकरण पढाउँदैछिन्

(3) प्रसङ्गअनुरूप व्याकरण पढाउँदैछिन्

(4) निगमनात्मक पद्धति

**142.** एकजना भाषा शिक्षकले कसरी सबै विद्यार्थीहरूको सिक्ने शैलीको पोषण गर्न सक्छिन् ?

(1) प्रत्येक शब्द पढाएर त्यसको अनुवाद गरी, अनि पछि पाठ दोहोऱ्याएर

(2) नियमित रूपले विद्यार्थीहरूको मूल्याङ्कन गरेर

(3) विद्यार्थीहरूलाई पढ्न मात्र होइन तर नृत्य/सङ्गीत, खेलकुद, ड्रइङ आदि कक्षामा पनि सहभागी हुन प्रेरित गरेर

(4) असमान विद्यार्थीहरूलाई पोषण गर्नका लागि भिन्न-भिन्न किसिमका शिक्षण पद्धति तथा योजना अनि मूल्याङ्कन विधिको प्रयोग गरेर

www.prepp.in



**143. भाषा सिकाइमा सामाजिक सम्पर्कले महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कथन कससित सम्बन्धित छ ?**

(1) चोम्स्की

(2) पियेजे

(3) भ्यागोत्स्की

(4) स्किनर

**144. बोल्ने कौशलका लागि महत्त्वपूर्ण रहन्छ –**

(1) शुद्ध अनि ठिक उच्चारण

(2) विषय तथा परिस्थितिअनुरूप बोल्नु

(3) मृदुभाषी हुनु

(4) आलङ्कारिक भाषाको प्रयोग गर्नु

**145. कुन किसिमको जाँचले शिक्षकलाई भाषा सिकाइमा कुनै नानीले सामना गरिरहेको विशेष समस्या बुझ्न सहयोग गर्छ ?**

(1) भिन्न प्रसङ्ग जाँच

(2) निदानात्मक जाँच

(3) सम्प्रेषण जाँच

(4) समस्या निदान जाँच

**146. पोर्टफोलियोबारे निम्नलिखित मध्ये कुन भनाइ सही हो ?**

(1) यसले लेख्ने बानीको विकास गर्छ

(2) यसको मुख्य प्रयोजन विद्यार्थीहरूको कार्य भेला गर्नु अनि त्यसलाई सुरक्षित राख्नु हो

(3) यसले शिक्षकको समय बचाउँछ अनि विद्यार्थीहरूलाई व्यस्त राख्छ

(4) यसले शिक्षकलाई नानीको क्रमागत प्रगति नाप्न–बुझ्न सहयोग गर्छ

**147. अनुतान के–मा पाइने भिन्नता हो ?**

(1) अङ्ग

(2) ध्वनि

(3) हावा

(4) सुर

**148. वाणी घरमा बेसी बोल्दिनन् तर स्कुलमा धेरै बोल्छिन्, यसले के बुझाउँछ ?**

(1) उनलाई आफ्नो घर पटक्क मन पर्दैन

(2) स्कुलमा उनको विचारलाई मान्यता दिइन्छ

(3) स्कुलले नानीहरूलाई प्रशस्त बोल्ने अवसर दिन्छ

(4) कक्षाको अनुशासनमा शिक्षकले साह्रै ध्यान दिँदैनन्

**149. भाषिक दक्षताका लागि कुन दुईवटा उपादान समाविष्ट रहन्छन् ?**

(1) सही उच्चारण अनि तीव्र पठन

(2) लिप्यन्तरण अनि सुन्दर हस्तलिपि

(3) शुद्धता अनि धाराप्रवाहिता

(4) सर्सर्ती पढ्नु अनि अवलोकन गर्नु

**150. के गरेमा भाषा सिकाइ सहज हुन्छ ?**

(1) पाठ्यपुस्तक नपढाउँदा

(2) परीक्षा नलिँदा

(3) उनीहरूले भाषा–समृद्ध परिवेश पाएमा

(4) लेख्न अघि व्याकरण ड्रिल र अभ्यासका लागि धेरै समय दिएमा

www.prepp.in



SPACE FOR ROUGH WORK

Your Personal Exams Guide

www.prepp.in



## SPACE FOR ROUGH WORK

Your Personal Exams Guide

www.prepp.in



## SPACE FOR ROUGH WORK

Your Personal Exams Guide

www.prepp.in



**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

www.prepp.in



## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/ room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/ rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/ Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***